## ■टोक्यो अन्तर्राष्ट्रिय सङ्गीत महोत्सव 2025 को आयोजना गरिनेछ।

ओता कुमिन हल, आपुरिकोमा टोक्यो अन्तर्राष्ट्रिय सङ्गीत महोत्सव 2025 को आयोजना गरिनेछ। के तपाईं ज्याज र पप्स् जस्ता विभिन्न प्रकारका संगीतको आकर्षणको अनुभव गर्न चाहनुहुन्छ?






- 2025 साल मे 3 तारिख (शनिबार), 4 तारिख (आइतबार), 5 तारिख (सोमबार, सार्वजनिक बिदा)
- ओता कुमिन हल, आपुरिको
  ओता सहर कामाता 5-37-3
- *ओता सहरमा बसोबास गरिरहेका विदेशी नागरिकहरूको लागि शुल्क लाग्नेछैन। अप्रिल 30 तारिख (बुधबार) 6:00 pm सम्ममा तलको इमेल एड्रेसमा सम्पर्क गर्नु पर्नेछ। (कार्यक्रमको दिन रेजिडेन्स कार्ड आदि देखाउनुहोस्।)
  केही भाग शुल्क लाग्नेछ।
- टिकट खरिद तथा कार्यक्रम सम्बन्धी विस्तृत जानकारीको लागि वेबसाइट हेर्नुहोस्।
- टोक्यो अन्तर्राष्ट्रिय सङ्गीत महोत्सव कार्यपालिका समिति कार्यालय
  (सह-आयोजना: ओता सहर)
  ☎ 03-3560-9388
  E-mail contact@timf.jp

## ■प्रारम्भिक जापानी भाषा कोर्स (चरण 1)

यो कोर्स पहिलो पटक जापानी भाषा अध्ययन गर्ने व्यक्तिहरूको लागि हो।
तपाईंले कुल 16 पटकको क्लासहरू लिएर हिरागाना र काताकानादेखि सजिला कुराकानीसम्म अध्ययन गर्न सक्नुहुनेछ।




- समयतालिका 2025 साल मे 12 तारिख, 15 तारिख, 19 तारिख, 22 तारिख, 26 तारिख, 29 तारिख, जुन 2 तारिख, 5 तारिख, 9 तारिख, 12 तारिख, 16 तारिख, 19 तारिख, 23 तारिख, 26 तारिख, 30 तारिख र जुलाई 3 तारिख
  हरेक सोमबार र बिहीबार (कुल 16 पटक)
  10:00 am~12:00 pm
- ओता अन्तर्राष्ट्रिय आदानप्रदान केन्द्र (Minto Ota)
  (ओता सहर कामाता 4-16-8 2F)
- प्रति व्यक्ति 2,000 येन (क्लास 16 पटकको शुल्क, किताब र अन्य सामग्री खर्च)
- 15 जना (धेरै आवेदन दिएको खण्डमा गोलाप्रथा गरिनेछ)
- अन्तर्राष्ट्रिय सहर ओता संघको वेबसाइटबाट आवेदन दिनुहोस्।
- (सामान्य सम्मिलित संस्था) अन्तर्राष्ट्रिय सहर ओता संघ
  ☎ 03-6410-7981 FAX 03-6410-7982
  E-mail info@ota-goca.or.jp

हामीले यो जानकारीपत्र 1 वर्षमा 8 पटक प्रकाशन गरिरहेका छौं। यो जानकारीपत्र पुस्तकालय, बाल भवन, विशेष उपशाखा जस्ता ओता सहरका सुविधाहरू र JR कामाता, ओमोरी, केइक्यु जोसिकी जस्ता सहर भित्रका स्टेसनहरूमा वितरण गरिन्छ।

प्रकाशन ओता सहर, स्थानीय गतिविधि प्रवर्द्धन शाखा
ठेगाना 〒144-0052 ओता सहर कामाता 4-16-8 2F
ओता अन्तर्राष्ट्रिय आदानप्रदान केन्द्र (Minto Ota) भित्र
☎ 03-5744-1227 FAX 03-5744-1323

▼ विदेशी नागरिकहरूको लागि जानकारी (131 भाषाहरूमा उपलब्ध छ)

▼ बहुभाषी परामर्श काउन्टर

ब्याक नम्बर हेर्न सकिन्छ। ▶

नेपाली

Vol.48 | 2025.04

विभिन्न देशका बिदेसीहरुको लागि समाचार

# Ota City Navigation




ネパール語 700部



# चौहत्तरौं ओता सहर बाल गार्डन पार्टी

बालबालिकाहरूले स्थानीयहरूसँग खेल, खेलकुद आदिको मज्जा लिँदै विभिन्न कुराहरूको अनुभव गर्न सक्नेछन्। गत साल 60,000 जना भन्दा बढी व्यक्तिहरू भाग लिनुभयो। प्रत्येक कार्यक्रमस्थलमा रमाइला कार्यक्रमहरूको व्यवस्था गरिनेछ। हामीले धेरै व्यक्तिहरूले भाग लिनुहुन्छ भन्ने आशा गरेका छौं। खेल, खेलकुद आदिको विवरण परिवर्तन हुन सक्छ।



- 2025 साल अप्रिल 27 तारिख (आइतबार) 10:00 am~3:00 pm
  *वर्षाको अवस्थामा समाप्त समयलाई अघि सार्ने सम्भावना छ।
- सहर भित्रका 11 ठाउँहरूको कार्यक्रमस्थलहरूमा गरिन्छ। कार्यक्रमस्थल सम्बन्धी जानकारीको लागि ओता सहरको वेबसाइट हेरी निश्चय गर्नुहोस्।
- स्थानीय गतिविधि प्रवर्द्धन शाखा युवा स्वस्थ विकासको जिम्मेवार कर्मचारी
  ☎ 03-5744-1223 FAX 03-5744-1518
  E-mail seishonen@city.ota.tokyo.jp

···· कहिले ···· रकम ···· कति जना ···· कहाँ ···· आवेदन दिने तरिका ···· आवेदन दिने ठाउँ ···· सम्पर्क

## ■सेनजोकुइके　वसन्त साँझको प्रतिध्वनि

स्वच्छ अनि सुन्दर प्राकृतिक दृश्यहरू भएको सेनजोकुइकेको भूमिमा "सेनजोकुइके वसन्त साँझको प्रतिध्वनि" को आयोजना गरिनेछ। वसन्त साँझको प्रतिध्वनि भनेको जापानी परम्परागत कलाका साथसाथै सेनजोकुइकेको सुन्दर प्राकृतिक दृश्यहरूको आनन्द लिन सक्ने सङ्गीतिक प्रदर्शनी हो।

यो मनोहर धुन र प्रकाशद्वारा सिर्जना गरिने प्रदर्शनी जस्ता अद्भुत वातावरणको अनुभव गर्न सकिने इभेन्ट हुनाले नबिर्सीकन यसको आनन्द लिनुहोस्।

आयोजक "सेनजोकुइके वसन्त साँझको प्रतिध्वनि" कार्यपालिका समिति/ओता सहर



- 2025 साल मे 15 तारिख (बुधबार) 6:30 pm-8:00 pm, (खुला गरिने समय 5:45 pm (योजना))
  *वर्षा भएमा रद्द गरिनेछ।
- सेनजोकुइकेको पश्चिमी किनारा "इकेजुकिक्यो" ओता सहर मिनामिसेन्जोकु 2-14-5
  जाने तरिका　तोक्यु इकेगामी लाइन सेनजोकुइके स्टेसनबाट हिँडेर 5 मिनेट
- निःशुल्क
- सीमा छैन (उभिएर हेर्ने खण्डमा)
  *बस्ने सिट पहिले आउनेहरूको लागि 300 वटा
- संस्कृति तथा कला प्रवर्द्धन शाखा
  ☎ 03-5744-1226　FAX 03-5744-1539
  E-mail bunka@city.ota.tokyo.jp

## ■ओता सहर युवा सहयोग केन्द्र फ्ल्याट ओता सरेको छ।

विद्यालय र घर बाहेक सहज महसुस गर्न सकिने "फ्ल्याट ओता" इरिआराई जेष्ठ नागरिक विश्राम-सुविधा गृहमा सरेको छ। यो लगभग 15 वर्षदेखि 39 वर्षसम्मका बालबालिका र युवाहरूको लागि खोलिएको सहयोग केन्द्र हो। हामी गतिविधिहरूको अनुभव स्थान प्रदान गर्ने र चिन्ता लागेका कुराहरू तथा समस्याहरूको परामर्श गरी एक कदम अघि सार्न चाहने युवाहरूलाई सहयोग गरिरहेका छौं।

- ओता सहर ओमोरी किता 3-24-27
- सोमबार~शनिबार (तेस्रो शनिबार, आइतबार र सार्वजनिक बिदाको दिन बन्द हुनेछ) 9:00 am~8:00 pm
- ओता सहर युवा सहयोग केन्द्र फ्ल्याट ओता
  ☎ 03-6451-8433
  E-mail　flatota@sodateage.net



## ■विश्वविद्यालय आदिमा आबद्ध व्यक्तिहरूको लागि ऋण ढाँचाको छात्रवृत्ति प्रणालीको जानकारी

ओता सहरमा अध्ययन गर्ने इच्छा हुँदाहुँदै पनि आर्थिक कारणले गर्दा हाल अध्ययन गरिरहेको विश्वविद्यालय आदिको अध्ययनलाई निरन्तरता दिन कठिन परिवारका विद्यार्थीहरूलाई ऋण ढाँचाको छात्रवृत्ति दिइरहेको छ।

*सर्त तथा छनौट मापदण्डहरूको लागि सम्पर्क गरी सोधपुछ गर्नुहोस्।

- अप्रिलको अन्तिम हप्ता~जुनको पहिलो हप्ता तिर
- राष्ट्रिय तथा सार्वजनिक: 35,000 येनसम्म (मासिक रकम)
  निजी: 44,000 येनसम्म (मासिक रकम)
- 25 जना
- आवेदन दिने ठाउँमा आवश्यक विवरण लिएर जानुहोस् वा हुलाक मार्फत पठाउनुहोस्।
- कल्याण व्यवस्थापन शाखा सार्वजनिक सहायताको जिम्मेवार कर्मचारी
  〒144-8621 ओता सहर कामाता 5-13-14
  ☎ 03-5744-1245　FAX 03-5744-1520

## ■नागरिक स्वास्थ्य बिमाको योग्यता गुमाएपछि चिकित्सा खर्च फिर्ता प्रक्रिया गर्नुपर्छ।

ओता सहरबाट सरुवा, कम्पनीको स्वास्थ्य बिमा आदिमा आबद्ध भएको, बसोबास म्याद समाप्त भएको जस्ता कारणले ओता सहरको नागरिक स्वास्थ्य बिमाको योग्यता गुमाएपछि बिमा कार्ड प्रयोग गरी स्वास्थ्य संस्थामा जाँच गराएको खण्डमा तपाईंले ओता सहरले बेहोरेको भागको चिकित्सा खर्च फिर्ता गर्नु पर्दछ।

कम्पनीको स्वास्थ्य बिमा आदिमा आबद्ध भएको खण्डमा वा ओता सहरबाट सरुवा भएको खण्डमा अनिवार्य रूपमा सम्पर्क स्थानमा सम्पर्क गरी ओता सहरको नागरिक स्वास्थ्य बिमा रद्द गर्ने प्रक्रिया गरी, बिमा कार्ड फिर्ता गर्नुहोस्।

- नागरिक स्वास्थ्य बिमा तथा पेन्सन शाखा नागरिक स्वास्थ्य बिमा तथा पेन्सन लाभको जिम्मेवार कर्मचारी
  ☎ 03-5744-1211
  FAX 03-5744-1516



©Ota City

## ■नागरिक पेन्सनमा आबद्ध हुने प्रक्रिया

जापानमा निवासी दर्ता गरेका 20 वर्षदेखि 59 वर्षका व्यक्तिहरूले र विदेशी नागरिकहरूले पनि नागरिक पेन्सनमा आबद्ध भई बिमा शुल्क भुक्तानी गर्नु पर्दछ। 10 वर्ष वा सोभन्दा बढी भुक्तानी गऱ्यो भने 65 वर्षदेखि पेन्सन पाइन्छ।

चोट वा रोगले गर्दा काम गर्न नसक्ने भएको बेलामा पाइने "अपाङ्गता पेन्सन" र जीवनयापन गर्नको लागि काम गरिरहेको परिवारको सदस्यको मृत्यु भएको बेला पाइने "मृतकको परिवार पेन्सन" पनि पाइन्छ। जापानमा पहिलो पटक आएको बेला र कार्यस्थल छोडेको बेला प्रक्रिया गर्नु पर्दछ।

बिमा शुल्क भुक्तानी गर्न कठिन अवस्थामा छुटको लागि आवश्यक प्रक्रिया गर्नुहोस्।

नबुझेको खण्डमा ओता सहरको वेबसाइट हेर्नुहोस्।

- मासिक　17,510 येन (आर्थिक वर्ष 2025 सालको बिमा शुल्क)
- ・काउन्टरमा पेस
  ・हुलाक
  ・वेबसाइटबाट आवेदन



- नागरिक स्वास्थ्य बिमा तथा पेन्सन शाखा　नागरिक पेन्सनको जिम्मेवार कर्मचारी
  ओता सहर कामाता 5-13-14　3F 12 नम्बर काउन्टर
  ☎ 03-5744-1214
  सोमबार~शुक्रबार　8:30 am~5:15 pm
- ओता पेन्सन कार्यालय
  ओता सहर मिनामी कामाता 2-16-1
  टेक्नोपोर्ट कामाता सेन्टर बिल्डिङ 3F
  ☎ 03-3733-4141
  सोमबार　8:30 am~7:00 pm
  मंगलबार~शुक्रबार　8:30 am~5:15 pm
  दोस्रो शनिबार　9:30 am~4:00 pm

···· कहिले　···· रकम　···· कति जना　···· कहाँ　···· आवेदन दिने तरिका　···· आवेदन दिने ठाउँ　···· सम्पर्क